## निर्णयहरुः

१. मिति २०८३ भाद्र १ गते मुख्य सचिवको अध्यक्षतामा बसेको सचिव बैठकका निर्णयहरु बैठकमा अवगत भयो । उक्त बैठकबाट भएका सम्बन्धित निर्णयहरु कार्यालयहरुले प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

२. श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरबार, काठमाडौंको च.नं.२१५, मिति २०८३/०४/२३ गतेको पत्रसाथ प्राप्त स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा लेखि आएको पत्रको बेहोरा बैठकमा जानकारी भयो । यस सम्बन्धमा स्वास्थ्य कार्यालय, उदयपुरले यस जिल्लाभित्रका स्थानीय तहहरुसँग समन्वय गरी डेंगु रोकथाम तथा नियन्त्रणका लागि "लामखुट्टेको लार्भा खोज र नष्ट गर(Search and destroy)" अभियान आवश्यकतानुसार सञ्चालन गर्ने ।

३. हाल मनसुन सक्रिय रहेको सन्दर्भमा अधिकांश स्थानमा वर्षा भइरहेको, लगातार वर्षा हुँदा जमिन गली पहिरोको घटना र जोखिम बढ्ने र आकस्मिक बाढी, डुबान जस्ता प्रकोपका जोखिम रहेको हुँदा मनसुन अवधिभर सम्बन्धित निकायहरुले थप सतर्कता अपनाउने । साथै सडक सम्बद्ध कार्यालय र स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र निर्माणाधीन सडकहरुमा यातायात अवरुद्ध नहुने गरी मर्मतसम्भार गर्ने व्यवस्था मिलाउने ।

४. सबै कार्यालयहरुले आ.व. २०८२/८३ को कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन समयमै टुङ्गयाउने र कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण समयमै तोकिएको निकायमा बुझाउने । अघिल्ला आ.व.हरुमा सम्पत्ति विवरण नबुझाई जरिवानामा परेका कर्मचारीहरु भए तत्काल सम्पत्ति विवरण भरी सङ्घीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अ.दु.अ.आ.को कार्यालय कोड नं.२०६००३५०१ खुलाएर जरिवाना बुझाई जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने ।

५. २०८३ भाद्र २२ गते निजामती सेवा दिवसको अवसरमा सञ्चालन हुने कार्यक्रमहरुमा कार्यालयका कर्मचारीहरु सहित कार्यालय प्रमुखहरुले सहभागिता जनाउने ।

६. राष्ट्रिय झण्डा हाम्रो गौरव, सम्मान र प्रतिष्ठासँग जोडिएको विषय भएकोले कार्यालय परिसरमा राखिएका राष्ट्रिय झण्डाहरु विविध कारणले अशोभनीय देखिएको भए तत्काल फेर्ने । साथै सार्वजनिक स्थानहरु, सडक किनारामा राखिएका राष्ट्रिय झण्डाहरु च्यातिई, रङ उडी वा अन्य कारणले अशोभनीय देखिएको भएमा सम्बन्धित स्थानीय तहहरुले राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ बमोजिम झण्डा फेरी राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच आउन नदिने व्यवस्था मिलाउने ।

२०८३।०५।०५

मेखबहादुर भण्डारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर